| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## युएइमा रोजगार
कम्पनी : XINTIAN TECHNICAL SERVICES L L C

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326876 | चलानी नं. ६०२४०७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKERS | 6 | 0 | 1400 | ५२,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## युएइमा रोजगार
कम्पनी : DARB ALTAWAKAL ELECTROMECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326847 | चलानी नं. ६०२४०७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician (Maintenance) | 2 | 0 | 1500 | ५५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 6 | 0 | 1000 | ३७,१६० | | | | | | | |
| 3 | Scafolder | 2 | 0 | 1625 | ६०,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## साउदीमा रोजगार
कम्पनी : DOKAN AI MAHSHI RESTAURANT TO PROVIDE MEALS EST

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326744 | चलानी नं. ६०२४०७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AIYAT AI JAZEERA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 326579 | चलानी नं. ६०२४०७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 2 | 0 | 2000 | ७२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



## बहराइनमा रोजगार
कम्पनी : LOOK OUT BROSTED

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326766 | चलानी नं. ६०२३०९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 8 | 0 | 120 | ४३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHINESE SUPERMARKET CO WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326765 | चलानी नं. ६०२४०७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 4 | 1 | 120 | ४३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BABY ANGEL INTERNATIONAL PVT. LTD.**
Govt. License 940/067/068
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np



## युएइमा रोजगार
कम्पनी : GLOBE BUILDING CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316613 | चलानी नं. ६०२३०९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 20 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 20 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Steel Fixer | 24 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 4 | Tile Layer | 20 | 0 | 1200 | ४४,५९० | | | | | | | |

कम्पनी : THE EAGLEEYES TWO GENERAL SECURITY GUARD SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326870 | चलानी नं. ६०२४०७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 7 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068
**Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)**
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### महिला फुटबल टोलीले जगाएको आशा

**शनिबार राति उज्बेकिस्तान र नेपाली महिला टोलीबीचको एसिया कप छनोट प्रतिस्पर्धा रोमाञ्चक थियो । कारण– नेपाल एसिया कप छनोटका लागि आफूभन्दा दोब्बर बलियो टोलीसँग टक्कर लिएर खेलिरहेको थियो । खेलको सुरुआती चरणमा विपक्षीले नेपाली टोलीलाई अच्छुअच्छु पारेको थियो । कतिसम्म भने दोस्रो मिनेटमै नेपालले गोल खानुपरेको थियो । एवं रूपले १०औं मिनेटमा नेपालमाथि अर्को गोल थपियो । २४औं मिनेटमा नेपालले एक गोल फर्काएपछि ३९औं मिनेटमा फेरि पेनाल्टीबाट उज्बेकिस्तान नेपालमाथि हाबी भयो ।**

**तर उज्बेकिस्तानका एकजना खेलाडी रातो कार्ड पाउँदै बाहिरिएपछि नेपाली टोलीले राहत पायो । सदाबहार हिरो साबित्रा भण्डारी ‘साम्बा’ले तीन गोल गरेपछि नेपाली बल्ल हौसिए । निर्धारित समयमा बराबरी खेल खेलेपछि खेल पेनाल्टी सुटआउटमा गयो । उज्बेकिस्तानको तास्केन्तमा भएको खेल धेरैले उज्बेकिस्तान एफए युटच्युब च्यानलबाट प्रत्यक्ष हेरिरहेका थिए । यो खेल जितेमा नेपालले महिला एसिया कपमात्र हैन, फिफा महिला विश्वकप २०२७ र अमेरिकाको लस एञ्जलस ओलम्पिक २०२८ को अवसरसमेत पाउने थियो । त्यसैले पनि नेपालीहरूको ढुकढुकी बढेको थियो ।**

**पेनाल्टी सुटआउट कप्तान साम्बाबाटै सुरुआत भयो नेपालको । तर, दुर्भाग्य उनको प्रहार पोलमा लागेर फर्कियो । उज्बेकिस्तानबाट चौथो गोल हुँदा नेपालकी गोलकिपर अञ्जना रानामगरको प्रहार उज्बेकिस्तानकी गोलरक्षकले रोकिन् । त्यसपछि ४–२ अन्तरले नेपाल पराजित हुनुपर्‍यो । समग्रमा नेपालको खेल उत्कृष्ट र उत्साहजनक रह्यो । श्रीलंका र लाओसलाई फराकिलो अन्तरले हराउँदै फिफा र्‍याङकिङमा ५१ मा रहेको उज्बेकिस्तानसँग १००औं स्थानमा रहेको नेपालले दिएको टक्कर लोभलाग्दो थियो । यसमा जितको निकै नजिक पुगेर फर्किनु परेकोले हो, चुकचुकाउनु परेको । हिम्मत हार्नु हुन्न, यसरी नै लगाव जारी राखे एकदिन जित अवश्य हुने छ ।**

**यसमा नेपाली टोलीको व्यवस्थापन टोलीको विवाद, खेलाडी चयनको सन्दर्भमा केही त्रुटि देखिन्छ । यद्यपि यस्तो अवस्थामा पनि नेपाली महिला टोलीको यो स्तरको खेललाई तारिफ गर्नैपर्छ । जितको नजिक पुगेर पनि रित्तो हात फर्कंदा कस्तो हुने रहेछ भन्ने विषय नेपालले यसपटक भोगेको छ । यसैले पनि अबका दिनमा पूर्णतयारीमा लाग्नु र सक्दो विवादरहित बनाउनु नेपाली व्यवस्थापन पक्षले ध्यान दिनैपर्ने देखिएको छ ।**

## व्यक्तिगत गोपनीयतासम्बन्धी कानुनी व्यवस्था



■ भक्तबहादुर खत्री

मुलुकी अपराधसंहिता २०७४ को भाग ३ मा वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरूद्धको कसुरसम्बन्धी उल्लेख गरिएको छ । भाग-३ परिच्छेद १ मा गोपनीयताविरूद्धका कसुरअन्तर्गत दफा २९३ देखि ३०४ सम्म १२ किसिमका कामहरूलाई गोपनीयताविरूद्धका कसुरको रूपमा उल्लेख गरिएको पाइन्छ । जसमा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिविना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरूप बिगार्न नहुने, अनुमतिविना एकको तस्बिर अरुलाई दिन वा बिक्री गर्न नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुनेजस्ता कुराहरु छन् ।

‘मुलुकी अपराध संहिता, २०७४’ ले व्यक्तिका केही व्यवहार र कामकुराहरू गोप्य राख्नुपर्ने र त्यस्ता कुराहरूलाई कानुनलेसमेत संरक्षण गरिदिएको छ । कोही कसैबाट त्यस्ता कुराहरू उल्लंघन गरिएमा त्यसलाई कसुरको रूपमा लिएको र उल्लंघनकर्तालाई सजाय गरिने कानुनको व्यवस्था गरिएको पाइन्छ । जसलाई यो संहिताको भाग-३ मा वैयक्तिक गोपनीयता र प्रतिष्ठाविरुद्धको कसुर भनी उल्लेख गरिएको छ ।

मुलुकी अपराधसंहिता २०७४ को भाग ३ मा वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुरसम्बन्धी उल्लेख गरिएको छ । भाग-३ परिच्छेद १ मा गोपनीयताविरुद्धका कसुरअन्तर्गत दफा २९३ देखि ३०४ सम्म १२ किसिमका कामहरूलाई गोपनीयताविरुद्धका कसुरको रूपमा उल्लेख गरिएको पाइन्छ । जसमा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिविना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरूप बिगार्न नहुने, अनुमतिविना एकको तस्बिर अरुलाई दिन वा बिक्री गर्न नहुने, चिट्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने, अरुको शरीर खानतलासी गर्न नहुने, हैरानी पार्ने बदनियतले चिठीपत्र लेख्न नहुने, चिठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुनेजस्ता कुराहरू छन् । यदि यस्तो गरिएमा गोपनीयताविरुद्धको कसुर गरेको मानिने र कानुनतः सजायको भागीदारसमेत हुनुपर्ने कुरा यो परिच्छेदमा उल्लेख गरिएको छ ।

दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीचमा भएको कुनै किसिमका कुराहरू, त्यसरी कुरा गर्ने व्यक्तिहरूको अनुमति वा अधिकार प्राप्त अधिकारीको अनुमतिविना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा ध्वनी अंकन गर्न हुँदैन भनी दफा २९३ मा भनिएको छ । अर्थात् अन्य व्यक्तिहरूले गरेको कुरा सुन्न र त्यस्ता कुराहरूको ध्वनी कुनै माध्यमले रेकर्ड गर्न हुँदैन । (तर सम्बन्धित व्यक्तिको (कुरा गर्ने व्यक्तिहरू) र अधिकार प्राप्त अधिकारीहरूको अनुमति प्राप्त भएमा भने त्यस किसिमको रेकर्ड गर्न हुन्छ ।) यदि यस्तो गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने कुरा यही दफाको उपदफा २ मा उल्लेख गरिएको छ ।

कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको गोप्य कुराहरू सम्बन्धित व्यक्तिको अनुमति र कानुनले बाध्य पारेको अवस्थामाबाहेक प्रकट गर्न हुँदैन, गरेमा एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने छ भनिएको छ ।

अनुमतिविना कसैको तस्बिर खिच्न र तस्बिरको स्वरूप बिगार्न हुँदैन, यदि यस्तो गरिएमा एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था दफा २९५ मा उल्लेख गरिएको छ । कसैको तस्बिर बिगार्न वा कसैको एक भागको तस्बिर अन्यहरूको अर्को भागको तस्बिरसँग जोडेर विकृत रूपको तस्बिर बनाउन र बिक्री गर्न हुँदैन । त्यस्तो गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने उल्लेख छ ।

अनुमतिविना कसैले कुनै व्यक्तिको तस्बिर अरुलाई दिएमा वा बिक्री गरिएमा वा झुक्याएर सताउने वा तस्बिरको आधारमा कसैलाई कुनै किसिमको अनुचित फाइदा लिन वा बिक्री वितरण गर्नु वा अन्य व्यापारिक दृष्टिले फाइदा लिनु हुँदैन । लिएमा तीन वर्षसम्म कैद वा ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ भनी दफा २९६ मा उल्लेख गरिएको छ ।

अरुहरूको चिठी खोल्न वा टेलिफोन गरेको कुरा सुन्न हुँदैन तर यस्तो काम सम्बन्धित व्यक्तिको वा अधिकार प्राप्त अधिकारीको अनुमतिबाहेक गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने वा दुवै सजाय हुने छ भनी दफा २९७ मा उल्लेख छ ।

छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने, कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न हुँदैन । सो गरेमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने कुरा दफा २९९ मा उल्लेख गरिएको छ । विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुने सम्बन्धमा- कसैले विद्युतीय माध्यमद्वारा अनधिकृतरूपमा कुनै सूचना प्राप्त गर्न वा अनधिकृतरूपमा कसैलाई हस्तान्तरण गर्न हुँदैन । यस्तो गरिएमा दुई वर्षसम्म कैद २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गरिने व्यवस्था दफा २९८ मा गरिएको छ ।

हैरान पार्ने, डर त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले चिठीपत्र लेख्ने लेखाउने वा विद्युतीय माध्यममा सताउने, धम्की दिने, जिस्क्याउनेसम्मका कामहरू गर्न हुँदैन गरिएमा १० हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने छ भन्ने कानुनी व्यवस्था दफा ३०० मा गरिएको छ ।

त्यस्तै अरुको शरीरको खानतलासी गर्न नहुने- अधिकार प्राप्त अधिकारीको अनुमति र सम्बन्धित व्यक्तिको स्वीकृतिविना अरुको शरीर, सवारीसाधन र निजी प्रयोगका वस्तुहरूको खानतलासी गर्न वा गराउन हुँदैन । यदि गरिएमा एक वर्षसम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ भनी दफा ३०१ मा उल्लेख गरिएको छ ।

अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने- अधिकार प्राप्त अधिकारी वा निजको आदेशलेबाहेक कसैले अरुको घरमा सम्बन्धित घरधनीको स्वीकृतिविना अनधिकृतरूपमा प्रवेश गर्न र सो घरमा रहने घरधनी र निजका परिवारको गोपनीयता भंग गर्न वा घरको खानतलासी गर्न हुँदैन । त्यस्तो गरिएमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कुरा दफा ३०२ मा उल्लेख गरिएको छ ।

कसैले यस परिच्छेदबमोजिमको कसुर गरी कसैलाई कुनै किसिमको हानि नोक्सानी पुगेको रहेछ भने त्यसरी हानि नोक्सानी पुगेको क्षतिपूर्ति भराइ लिन पाउने कानुनी व्यवस्था रहेको छ । यस किसिमको कसुरबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कुरा भएको मितिले तीन महिनाभित्र उजुर गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

समग्रमा माथि उल्लिखित वैयक्तिक गोपनीयताविरुद्धका कसुरहरूलाई तीन भागमा विभाजन गर्न सकिन्छ । अर्काको चिठ्ठीपत्रको गोपनीयता भंग गर्न नहुने, अरुहरूले गरेको कुनै किसिमको संवादको रेकर्ड गर्न र सुन्न नहुने र व्यावसायिक कामको सिलसिलामा थाहा पाएको कसैको गोप्य कुराहरू कानुनले बाध्य पारेको अवस्था र सम्बन्धित व्यक्तिको अनुमतिविना प्रकट गर्न नहुने ।

दोस्रोमा कसैको निजी आवासमा वा शरीर वा निजी रूपमा प्रयोग गरिने चिज वस्तुमा प्रवेश गर्ने, खानतलासी लिने र गोप्यता भंग गर्ने काम कानुनद्वारा अधिकार प्राप्त व्यक्तिबाहेक अन्यले गर्न नहुने ।

तेस्रोमा अरुको फोटो खिच्न, अरुलाई दिन, व्यापारिक काममा प्रयोग गर्न र फोटोको स्वरूप बिगार्न वा अन्यहरूसँग जोडेर अर्कै आशयको अर्थ आउने र स्वरूप बिगार्न नहुने । यदि गरेमा वैयक्तिक गोपनीयता विरुद्धको कसुर गरेको मानिने कानुनी व्यवस्था गरिएको पाइन्छ ।

कसैले यस्तो कसुर गरेमा के गर्ने, उजुरी कहाँ लाग्छ भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १, मा २, मा र ३ मा यो भागलाई समावेश नगरिएकोले यहाँ उल्लेख गरेका कसुर कसैले गरेमा मर्का वा क्षति पुग्ने व्यक्तिले आफू रहेबसेको अर्थात् यस्ता कसुर भएको सम्बन्धित स्थानको वा जिल्लाको जिल्ला अदालतमा फिरादपत्रको रूपमा उजुरी दिने र कसुरबाट पुगेको क्षतिको पूर्ति कसुर गर्ने व्यक्तिबाट कानुनबमोजिम अदालतको आदेशबमोजिम लिन पाउने व्यवस्था भएको पाइन्छ ।

वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुरअन्तर्गत अर्को यही भाग ३ मा परिच्छेद २ मा गाली बेइज्जतिसम्बन्धी कसुर उल्लेख गरिएको छ । जसमा दफा ३०५ मा गाली गर्न नहुने र दफा ३०६ मा बेइज्जती गर्न नहुने भनिएको छ । कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिने छ भनी दफा ३०५ (२) १ मा उल्लेख गरिएको छ । यस्तो काम गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना गरिने कानुनी व्यवस्था गरिएको पाइन्छ ।

त्यस्तै कसैको इज्जतमा धक्का पुर्‍याउने नियतले बोलीले, लेखेर वा आचरणद्वारा कसैको इज्जत, आचरण, चरित्र वा प्रतिष्ठामा आँच पुर्‍याएमा बेइज्जत गरेको मानिन्छ र यस्तो काम मृतक उपरसमेत गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था र यस्तो बेइज्जती विद्युतीय माध्यम वा आमसञ्चार माध्यमबाट गरेमा गराएमा थप एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना हुने कुरा दफा ३०६ मा उल्लेख गरिएको छ ।

*(लेखक अधिवक्ता हुन्)*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

## दलहरू अझै सच्चिएर अगाडि बढ्नुपर्छ



■ ज्ञानेन्द्रबहादुर कार्की

देशमा संविधान जारी भएपछि दुई वटा स्थानीय र आमनिर्वाचन सम्पन्न भएका छन् । यी सम्पन्न निर्वाचनले लोकतन्त्रको जगलाई मजबुत बनाउने काम गरेको छ । लोकतन्त्रबाट जनताले प्राप्त गर्ने अधिकार, सेवा सुविधासँग विकास निर्माणको बाटोमा मुलुक अगाडि बढेको छ । तर, यसका बाबजुद पनि अलिकति असन्तुष्टि छ । त्यसलाई अस्वाभाविक रूपमा लिनु हुँदैन ।

१० वर्षमा संविधान संशोधन गर्ने संविधानमै उल्लेख गरिएको छ । यही संविधान संशोधन गर्नेतर्फ मुलुकको राजनीति अगाडि बढेको छ । जनताका असन्तुष्टिलाई सम्बोधन गर्दै समयानुकूल संशोधन गर्नुपर्छ । यही संविधानको जगमा सबै राजनीतिक दल एकजुट भएर नेपाली जनताको विकासको तीव्र आकांक्षा पूरा गर्नुपर्छ । मुलुकमा असन्तुष्टि नै असन्तुष्टि छ भन्ने कुरा पनि एकांकी कुरा हो । सबै राम्रो भइरहेको छ भन्ने पनि एक किसिमको अतिवाद हो । संविधान संशोधनको विषयमा सत्तापक्ष, प्रतिपक्ष र बुद्धिजीवीलगायत सबैको एक मत हुनुपर्छ । जनताको चाहनाअनुसार राष्ट्र विकासको निमित्त एक ठाउँमा हुनुपर्छ । यद्यपि, हाम्रा विचारधार वा आफ्ना-आफ्ना बाँधाहरू एक ठाउँमा होलान् । उद्देश्य मुलुकको समृद्धि गर्ने हुनुपर्छ ।

संविधान संशोधनको विषयमा सबैका आ-आफ्ना दृष्टिकोण छन् । राजनीतिक र नीतिगत स्थिरताको निमित्त पनि संविधान संशोधन गर्नुपर्ने छ । संशोधनको विषयमा भावना वा उत्तेजनाले हुँदैन । मुलुकले समृद्धि हासिल गर्ने लक्ष्यअनुसार गम्भीर छलफल र बहस गरेर संशोधन गर्नुपर्छ । त्यो कामको प्रारम्भ पनि भएको छ ।

मुलुक संघीयतामा गइसकेको छ । यो संघीयतालाई कसरी प्रभावकारी बनाउने भन्नेमा हाम्रो ध्यान जान जरुरी छ । मेरो विचारमा समावेशी, सन्तुलित र दिगो विकासको आवश्यकता छ । त्यसको निमित्त हामीले कुन-कुन ठाउँमा के-के सुधार गर्नुपर्छ भन्ने कुरामा प्रस्ट हुनुपर्छ । मुलुक र जनताको वास्तविकता र अन्य देशको अभ्यासलाई पनि अध्ययन गरेर अगाडि बढनुपर्छ । अहिलेको संविधानलाई अझै सुदृढ बनाउने लक्ष्यअनुसार हामी अगाडि बढ्नुपर्छ । सबैभन्दा पहिला संघीयताका सबल र दुर्वल पक्षलाई गम्भीरताका साथ विश्लेषण गरेर एउटा निष्कर्षमा पुग्नुपर्छ ।

युवा पलायन रोक्न देशमा समावेशी र दिगो आर्थिक विकासको आवश्यकता छ । उत्पादन र रोजगारीलाई नारा र भाषणमा मात्रै सीमित नगरेर व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्छ । हाम्रो देशमा प्रचुर सम्भावना छ । प्राकृतिकरूपमा पनि सुन्दर छ । अहिले देशका एकथरी युवा विदेश अध्ययन गर्न गएका छन्, तिनीहरूको पनि धेरै ठूलो खर्च छ । नेपालको शिक्षा प्रणालीमा सुधार गरेर व्यावहारिक बनाउन सकियो भने उनीहरूलाई देशमै राख्न सकिन्छ । विदेश जाने पैसा पनि देशमै रहन्छ । नेपाल हावापानी र भौगोलिक वनावटको हिसावले पनि शैक्षिक हब बनाउन उपयुक्त छ । शैक्षिक हब बनाएर मुलुकलाई आत्मनिर्भर बनाउने बाटोमा लाग्नुपर्छ ।

अहिलेको हाम्रो अर्थतन्त्र कमजोर छ । तर, सुधारोन्मुख छ । हामीले दिगो विकासलाई अगाडि बढाउने नीति लिएनौं भने मुलुकको आर्थिक वृद्धिदर वृद्धि हुन सक्दैन । हाम्रोमा धेरै वर्ष अघिदेखि पुँजीगत खर्च पूरा नहुने समस्या छ । यसलाई कसरी अन्त्य गर्न सकिन्छ भन्नेतर्फ बजेटका नीतिहरू केन्द्रित छन् । तर, मुख्य कुरा बजेटको पूर्णरूपमा प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ । बजेट कार्यान्वयनको दिशामा हामी सबैको ध्यान गम्भीररूपमा जानुपर्ने जरुरी छ ।

हाम्रो संविधानले वाक स्वतन्त्रता दिएको छ । हामीलाई विचारको स्वतन्त्रता छ । अहिलेको राजनीतिक प्रणालीमाथि चुनौती खडा गर्ने कोसिस गरिएको छ । तर, त्यो चुनौतीले कुनै असर गर्छजस्तो मलाई लाग्दैन । यद्यपि, हामी मुलुकको आर्थिक विकासतर्फ केन्द्रित हुनुपर्छ । व्यवस्थामाथि नै टिप्पणी गर्नेभन्दा पनि अहिलेका राजनीतिक दलहरूलाई थप सचेत गराएको जस्तो मलाई लाग्छ । राजनीतिक दलहरू अझै सच्चिएर अगाडि बढ्नुपर्छ । देशको समग्र विकास गर्नुपर्छ । नेपालको जस्तो समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था विरलै अन्त छ ।

हामीले जवाफदेहीता बढाउनुपर्‍यो । सबैलाई आफ्नो काम गर्ने पूर्ण छुट दिनुपर्‍यो । जवाफदेहीता, अनुगमन, दण्ड सजाय र पुरस्कारको व्यवस्थालाई प्रभावकारी ढंगले अगाडि बढाउनुपर्छ । सेवा प्रदान गर्ने सवालमा हाम्रोमा समस्या छ । त्यसलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । सुशासन कायम गर्न भ्रष्टाचार अन्त्य गर्नुपर्छ । भ्रष्टाचार अन्त्यका लागि कानुनको पूर्णरूपमा पालना गर्नुपर्‍यो ।

मुलुकलाई ठीक ढंगले अगाडि बढाउन सरकार र राजनीतिक दललाई सचेत गराउनुपर्छ । नेतालाई प्रेरित गराउनुपर्छ । जनता आफू पनि प्रेरित हुनुपर्छ । निराश होइन, उत्साहका साथ देश विकासमा लागौं । हामीलाई प्रकृतिले सुन्दर मुलुक दिएको छ । यसलाई समृद्ध बनाउन सबै लाग्नुपर्छ । सबै लागियो भने लोकतन्त्रको भविष्य अझ उज्ज्वल हुने छ ।

*(नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य कार्कीसँग राससले गरेको कुराकानीमा आधारित)*



**मोहर्रम पर्व** | **वीरगञ्जको घण्टाघरचोकमा आइतबार मोहर्रम पर्व मनाउँदै मुस्लिम समुदाय । यस पर्वको अवसरमा मुस्लिम समुदायका युवाले लट्ठीका विभिन्न कला प्रस्तुत गरेका हुन् ।** *तस्बिरः हिमाल लम्साल/रासस*

# जोखिम बन्दै बेँसीसहर–चामे सडकयात्रा

**लमजुङ–** चट्टान खोपेर बनाइएको साँघुरा सडक । माथि हेर्दा आकाशै छोएझैं लाग्ने अग्लो चट्टाने पहरा, तल हेर्दा आङ सिरिङ हुने छंगाछुर भिर । अनि तल मसिनो धागोजस्तै देखिने नालबेली बगेको नीलो मर्स्याङ्दी नदी । उतिबेला अहिलेजस्तो डोजर र एक्साभेटर चलाइएको होइन, घन, छिनो र साबेलले ठूलाठूला चट्टान खोपेर बनाइएको सडक । मर्स्याङ्दी नदीको किनारैकिनार बेँसीसहरबाट हिमालपारिको मनाङ पुग्ने अत्यन्तै जोखिमपूर्ण बेँसीसहर-चामे सडक ।

सोही सडकमा दैनिक सयौं यात्रु जोखिम मोल्दै यात्रा गर्न बाध्य छन् । साँघुरो कच्ची सडक, सधैं जोखिम मोल्नुपर्ने अवस्था छ । त्यसमा पनि अहिले ठाउँठाउँमा खसेको पहिरोका कारण जोखिमपूर्ण सडक पार गर्दै दैनिक सयौं यात्री भगवान्को नाम जप्दै यात्रा गर्न बाध्य छन् । यस्तो जोखिमपूर्ण बाटोमा दर्जनौं सवारीसाधन लमजुङ-मनाङ आवतजावत गर्दछन् । हिमालपारिको जिल्ला मनाङबाट लमजुङहुँदै विभिन्न ठाउँमा आउने र यहाँबाट मनाङ जाने एउटै बेँसीसहर-चामे सडक हो । भिरैभिर र मर्स्याङ्दी नदीमाथिमाथि हुँदै ढुंगैढुंगाको सडक व्यवस्थित नहुँदा यात्री बेँसीसहर-चामे सडकमा त्रसित हुँदै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

बेँसीसहरबाट खुदी, भुलभुले, स्याँगे, जगत, च्याम्चे हुँदै मनाङको तालबजार, तिमाङ हुँदै मनाङ सदरमुकाम चामेबजारसम्म ६५ किलोमिटर दूरी छ । यस सडकमा यात्रा जोखिमपूर्ण रहेको यात्रीहरू बताउँछन् । अधिकांश सडकखण्ड चट्टाने पहरो काटेर बनाइएकाले जोखिमपूर्ण छ भने अग्लो भिर, स-साना मोड, ग्रेडिङ नमिलेका र साँघुरो भएकाले थप जोखिमपूर्ण भएको स्थानीय सोमबहादुर गुरुङले बताए ।

जिप चालक सोमराज मगरातीले भने, 'विभिन्न ठाउँमा बेलाबेलामा पहिरो गइरहन्छ, पहिलाभन्दा पनि बाटो बिग्रँदै गएको छ, कुन बेला के हुन्छ डर रहन्छ ।' अर्का चालक रामबहादुर तामाङ भन्छन्, 'सडकबाट खसिहाल्यो भने सीधै मर्स्याङ्दीमा पुग्ने भएकाले बाँच्ने कुनै सम्भावना छैन ।' यात्राका क्रममा अधिकांश यात्री सडक र भिरको अवस्था देखेर डराउँछन् । कहिले त जीप गुड्दागुड्दै पनि माथिबाट ढुंगा र पहिरो खस्ने गर्छ, अझ बढी बर्खायाममा जोखिम हुने गरेको उनको भनाइ छ ।



डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार बेँसीसहर-चामे सडकको यात्रा जोखिमपूर्ण छ । सरकारले आवश्कतानुसार पर्याप्त बजेट दिन नसक्दा सडक गुणस्तरीय नहुँदा जोखिम बनिरहेको छ । चालु आर्थिक वर्षमा ३६ करोड रूपैयाँ बजेट प्राप्त भएको थियो । आगामी आवका लागि यस सडकका लागि ४० करोड रूपैयाँ प्रारम्भिक बजेट सरकारले उपलब्ध गराउन लागेको छ ।

विभिन्न ठाउँमा दैनिकजसो पहिरोले सडक अवरुद्ध बनाउँदा मनाङवासी चिन्तित छन् । लामो समयसम्म पहिराले यो सडक अवरुद्ध बनाउँदा मनाङबाट बेँसीसहरहुँदै विभिन्न ठाउँमा जान हेलिकप्टर प्रयोग गर्नुको विकल्प छैन । जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरूप २०५१ सालदेखि सडक डिभिजन कार्यालय दमौली तनहुँले सडक निर्माण गर्न सुरु गरेको थियो ।

विभिन्न कारणले २०५७ सालदेखि नेपाली सेनाले उक्त सडक निर्माणको जिम्मेवारी पायो । बाँदर लड्लाजस्तो जोखिमपूर्ण भिरमा ज्यानको बाजी लगाएर सेनाले उक्त सडक निर्माण गर्न सफल भयो भने बाटो निर्माणका क्रममा केहीको मृत्युसमेत हुन पुग्यो । यसरी सेनाले निर्माण गरेको सडकबाट मनाङवासीको सपना पूरा भए पनि सडक स्तरोन्नति हुन नसक्दा भने मनाङवासी निराश छन् । उनीहरू मात्र नभई लमजुङवासी, यात्री तथा पर्यटकसमेत सडक स्तरोन्नति नहुँदा चिन्तित छन् । सबैको एउटै चाहना छ, सडक गुणस्तरीय होस् र दुर्घटनाको जोखिम न्यून होस् ।

बेँसीसहरस्थित तत्कालीन नेपाली सेना कार्यगणले २०६९ सालमा सडक निर्माणकार्य सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौली तनहुँलाई हस्तान्तरण गरेको थियो । गणका इञ्जिनियर भरत श्रेष्ठ र इन्द्रवीर गुरुङको नेतृत्वमा सडक निर्माण गरी हस्तान्तरण गरिएको हो । बेँसीसहर-चामे सडक पार गर्न झण्डै छ घण्टा लाग्छ । बर्खालागेसँगै यो सडकमा पटक-पटक पहिरो खस्ने र सडक अवरुद्ध हुँदा यात्रीहरू हैरानीमा छन् । *रासस*

# घरदैलोमै नागरिकता पाएपछि सेवाग्राही हर्षित

**पर्सा (प्रस)–** ठोरी गाउँपालिका-३ शिकारीबासकी पुनिया कुमारीले ५३ वर्ष पुग्दा पनि नागरिकता प्राप्त गर्न सकिरहेकी थिइनन् । यस्तो अवस्थामा उनका सन्तानसमेत नागरिकता पाउनबाट वञ्चित भएका थिए ।

जिल्ला प्रशासन कार्यालयले शनिबार सञ्चालन गरेको एकीकृत सेवा सञ्चालन कार्यक्रममार्फत वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि कुमारीमा खुसीको कुनै सीमा नै छैन । 'इलाका प्रशासन कार्यालय सुपौली पुगेर नागरिकता लिन सक्ने अवस्था थिएन,' उनले भनिन्, 'घरदैलोमा आयोजित एकीकृत सेवा सञ्चालनमार्फत नागरिकता प्राप्त गर्दा खुसीको कुनै सीमा नै छैन ।'



पर्साको विकट तथा ग्रामीण भेग शिकारीबासकी पुनिया कुमारीले मात्र नभएर आवश्यक कागजात पुगेका ठोरी गाउँपालिका-३ शिकारीबासका अन्य आठ जनाले आफ्नै घरदैलोमा नागरिकता प्राप्त गरेका छन् । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विकट ग्रामीण भेगका जनतालाई घरदैलोमा सेवा प्रवाह गर्न शिकारीबासमा एकीकृत सेवा सञ्चालन कार्यक्रमअन्तर्गत नागरिकता वितरण गरिएको जानकारी दिए ।

'इलाका प्रशासन कार्यालय सुपौली र जिल्ला प्रशासन कार्यालय वीरगञ्ज धाउन नसक्नेलाई गाउँघरमै नागरिकता वितरण गरेका छौं,' उनले भने । प्रशासन कार्यालयसम्म धाउन नसक्ने सर्वसाधारणलाई घरदैलोमै सेवा गर्ने कार्य प्रशासनले थालेको प्रजिअ अर्यालले बताए ।

जिल्ला प्रशासनकै अगुवाइमा शनिबार शिकारीबासमा जनता आवास कार्यक्रमअन्तर्गत स्थानीय पाँच जनासँग आवास निर्माणको सम्झौता पनि भएको छ । पूर्वाधार विकास कार्यालय वीरगञ्जको अगुवाइमा प्रतिघर तीन लाख ७२ हजार रूपैयाँको लागतमा घर निर्माणको कार्य शुभारम्भ गरिएको छ । शिकारीबासमा घरविहीन भएका पाँच परिवारका लागि आवास निर्माणको प्रबन्ध मिलाइएको पूर्वाधार विकास कार्यालयका प्रमुख लालबाबु रायले जानकारी दिए । यसले आवासविहीन परिवारलाई राहत मिल्ने छ ।

नारायणी अस्पताल वीरगञ्ज, स्वास्थ्य कार्यालय वीरगञ्ज, रुगटाँ वेलफेयर सोसाइटी, वीरगञ्ज सामुदायिक आँखा अस्पताल, सूर्या हस्पिटल, इम्प्याक्ट्र नेपाल रुगटाँ वेलफेयर नाक कान उपचार केन्द्रलगायतको साझेदारीमा शनिबार नै शिकारीबासमा बृहत् स्वास्थ्य शिविर आयोजना गरिएको थियो । सो शिविरमा १५० भन्दा बढी सेवाग्राही लाभान्वित भएका छन् ।

त्यसैगरी, जलस्रोत तथा सिँचाइ विकास डिभिजनका योजना प्रमुख तथा इञ्जिनियर राकेश साहले शनिबार नै ठोरीको शिकारीबासमा नदी कटान क्षेत्रमा करिब १० लाख रूपैयाँ लागतको नदी तटबन्धसहितको तारजालीको व्यवस्था गर्न लागेको जानकारी दिए । उद्योग विभाग मधेस प्रदेशका महानिर्देशक सुशीलकुमार साहले कार्यालयले आगामी आवमा उद्यमशीतलताको विकास गर्न आवश्यक पर्ने तालिमको प्रबन्ध गर्न लागेको बताए ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी बाबुलाल रेग्मीले जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीलाई सदैव सहज र सुलभ सेवा प्रदान गर्न आवश्यक सहजीकरण गर्दै आएको बताए । ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले एकीकृत शिविर सञ्चालन गरेर जनतालाई सहज सेवा उपलब्ध गराउने सराहनीय कार्य गरेको बताए ।

जिल्ला समन्वय समितिका प्रमुख निरञ्जन साह सोनारले जनतालाई घरदैलोमा सेवा प्रवाह गरेर प्रशासन कार्यालयले गतिलो उदाहरण पेस गरेको बताए । सोही अवसरमा रुगटाँ वेलफेयर सोसाइटीले नेपाल राष्ट्रिय प्रावि शिकारीबासका विद्यार्थीलाई झोलासहित शैक्षिक सामग्री हस्तान्तरण गरेको थियो ।

# लैंगिक हिंसा नियन्त्रणमा प्रभावकारी बन्दै ओसिएमसी

**कञ्चनपुर–** कञ्चनपुरको महाकाली प्रादेशिक अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)बाट सेवा लिनेको संख्या बढ्दो रूपमा रहेको छ । केन्द्रबाट आर्थिक वर्ष २०८०/८१ मा २०४ जनाले सेवा लिएका थिए भने आव २०८१/८२ को जेठ मसान्तसम्म २७८ जनाले सेवा लिएका छन् ।

लैंगिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहारलगायत घटनाबाट प्रभावित व्यक्तिहरूले केन्द्रबाट सहजरूपमा सेवा पाएका हुन् । यो सँगै केन्द्रबाट पीडितले स्वास्थ्योपचार, चिकित्साजन्य प्रमाण संकलन, संरक्षण, मानसिक एवं मनोसामाजिक परामर्श, सुरक्षा, आश्रय, कानुनी उपचार पुनर्स्थापनालगायत सेवा पाएका छन् ।

केन्द्रका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक भावना शर्माका अनुसार आव २०८१/८२ मा केन्द्रबाट सेवा लिने महिलाको संख्या २७५ रहेको छ भने पुरुषको संख्या तीनमात्र छ । उमेर समूहमा १४ वर्षमुनिका २६ जना, १५ देखि १८ वर्षका ३१ जना, १९ देखि ४९ वर्षका २०२, ५० देखि ६० वर्षका १३ र ६० वर्षमाथिका छ जनाले केन्द्रबाट सेवा लिएका छन् ।

केन्द्रमा हिंसाका आधारमा शारीरिक ८७, यौनजन्य ७४, मानसिक ६४, बेचविखन दुई, बालविवाह दुई र अन्य ५० जनाले सेवा पाएको नर्सिङ निरीक्षक शर्माले जानकारी दिइन् । सोही अवधिमा ओसिएमसीबाट २७१ जनाको स्वास्थ्य परीक्षणको कार्य गरिएको छ भने मेडिको लिग्ल सेवा ५६ जनाले पाएका छन् ।

यसैगरी, एचआइभी परीक्षण तथा परामर्श सेवा ४५, गर्भ परीक्षण ५०, घाउ चोटपटकको उपचार ९५, आकस्मिक गर्भनिरोधक सेवा १५, सुरक्षित गर्भपतन सेवा चार, मनोसामाजिक परामर्श सेवा १९२, मानसिक रोगको उपचार ३९ र दुई जनाको यौन रोगको उपचार गरिएको छ । विनाभेदभाव सबै लैंगिक हिंसापीडितलाई एकीकृत रूपमा गुणस्तरीय सेवा सुनश्चितता गरिएको केन्द्रकी वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक शर्माले बताइन् ।

एकद्वार प्रणालीबाट हिंसापीडित तथा प्रभावित व्यक्तिलाई स्वास्थ्योपचारलगायत आवश्यक सेवा लैंगिक हिंसा नियन्त्रणमा योगदान पुर्‍याउन पूर्णरूपमा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको उनले बताइन् ।

'पीडितले घटना विवरण दोहोर्‍याउनेसँगै पुनः मानसिक पीडा सहनुपर्ने अवस्थाको अन्त्य गर्नका लागि सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गरिएको हो,' उनले भनिन्, 'सेवा प्रवाह गर्दा पीडितको सुरक्षा तथा गोपनीयता कायम राख्दै स्थानीय तह, सम्बन्धित निकाय संस्थाहरूबीच बहुपक्षीय साझेदारी एवं सहकार्यको कार्य हुँदै आएको छ ।' सेवापश्चात् परिवार वा समुदायमा पुनःस्थापनाका लागि सबै सरोकार पक्षहरूसँग थप समन्वयात्मक कार्यलाई अगाडि बढाइ अस्पतालहरूको सेवासँगै एकीकृत सेवाका रूपमा अघि बढाउनुपर्ने उनको भनाइ छ ।

महिला, बालिका, अपांगता भएका व्यक्ति तथा विपन्न वर्ग हिंसाको सिकार बढी हुने सम्भावना हुने भएकाले पीडितहरूले आफूले भोगेको पीडा भन्न नसक्ने, प्रहरी, स्वास्थ्य सेवा, कानुनी सहायता छुट्टाछुट्टै खोज्नुपर्ने बाध्यता रहेकाले एकद्वार सेवा लागू गरिएको उनले उल्लेख गरिन् । 'हिंसामा पुरुषको दाँजोमा महिला नै बढी पर्ने गरेका छन्,' उनले भनिन्, 'हिंसाले महिलाको शारीरिक, मानसिक, यौन तथा प्रजनन स्वास्थ्यमा नकारात्मक असर पार्दछ, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्या भएका महिलाहरू लैंगिक हिंसाको जोखिममा हुनसक्छन्, फिस्टुला भएका महिलाहरू परिवारबाट तिरस्कृत हुने र घर छाड्न बाध्य भएका घटना देखिएका छन् ।'

लैंगिक हिंसाको रोकथाम र प्रतिकार्य सबैको सवाल भएकाले एकापसमा समन्वय गरी उत्तरदायित्व र जिम्मेवारीबोध गरेर अगाडि बढ्नुको विकल्प नरहेकामा उनले जोड दिए । एक अध्ययनअनुसार लैंगिक हिंसाका घटना आफन्तबाट ७० प्रतिशत र आफन्तबाहेकका व्यक्तिबाट ३० प्रतिशत महिला पीडित हुने गरेको देखिएको छ । सुदूरपश्चिम प्रदेशमा श्रीमान् तथा नजिकका साथीहरूद्वारा हिंसा भोगेका महिलाको प्रतिशत २० रहेको छ । *रासस*

# राहुघाट नदी कटान रोक्न 'कम्पोजिटह' प्रविधिको पर्खाल

**म्याग्दी (प्रस)–** राहुघाट नदी कटानको जोखिममा रहेको म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वर, रघुगंगा गाउँपालिका-३ राहुघाट, कालीगण्डकी करिडोरको सडक र मोटरेबल पुल संरक्षण गर्न तटबन्ध निर्माण भएको छ ।

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडक योजनाले सडक, पुल र बस्ती संरक्षणका लागि तीन करोड ३९ लाख ८६ हजार रूपैयाँको लागतमा नदी किनारमा 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण गरेको हो । पर्खाल निर्माणपछि सडक, मोटरेबल पुल, गलेश्वर र राहुघाटको बस्तीमा बाढी र कटानको जोखिम न्यूनीकरण भएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताए । राहुघाटको कटानका कारण गलेश्वर, राहुघाटका करिब ५० घरपरिवार, १०० मिटर सडक र मोटरेबल पुल जोखिममा परेको थियो ।



राहुघाट नदी किनारमा राहुघाट बस्तीतर्फ ५० मिटर 'पलम पर्खाल' र गलेश्वरतर्फ ८५ मिटर 'कम्पोजिट' पर्खाल निर्माण भएको योजना कार्यालयले जनाएको छ । गत फागुनदेखि सुरु भएको योजना निर्धारित समयमै सम्पन्न भएको हो । नदीमा आउने बाढीलाई नियन्त्रण गर्न चार मिटर चौडाइ भएको तीनतीन मिटर अग्लो कंक्रिट र त्यसमाथि छ तहमा ग्याविन पर्खाल निर्माण भएको छ ।

चार करोड ७२ लाख ३७ हजार रूपैयाँ लागत अनुमान गरिएको योजना निर्माणका लागि गत फागुन १३ गते महाप्रभु-बिआरटी साय जेभीसँग ठेक्का सम्झौता भएको थियो । निर्माण कम्पनीका प्रतिनिधि शिव जिसीले रातको समयमा पनि मजदुर र उपकरण परिचालन गरेर नदीमा पानीको सतह बढ्नुअघि नै तटबन्ध गरेको बताए । बेनी-गलेश्वर सडकअन्तर्गत गलेश्वरमा पनि नदी कटानबाट सडकलाई जोगाउन तटबन्धन निर्माण भएको बेनी-जोमसोम-कोरला सडक योजनाका इञ्जिनियर बिष्णु चापागाईंले बताए ।


**बहराइनमा रोजगार** — **कम्पनी : AROMA SALON**

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 317083 | चलानी नं.६०२३४३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | beautician | 3 | 0 | 150 | ५४,३७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



**प्रमाणपत्र हराएको सूचना**

मिति २०८२/०३/१५ गते वनस्थलीदेखि बालाजुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **Nepal Health Professional Counsil (NHPC)** द्वारा जारी गरिएको रजिस्ट्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : शान्ता ढकाल**
**रजिस्ट्रेशन नं.: 9 SP& HG**
ठेगाना : सिरानचोक-७ (साविक श्रीनाथकोट-१), गोर्खा
**अ. ठेगाना : रानीबारी, काठमाडौं**
**सम्पर्कः** ९८६१७७९३८८



**युएइमा रोजगार** — **कम्पनी : Middle East manpower services**

पूर्व स्वीकृति मिति : २०८०/०५/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 291710 | चलानी नं. ६०२०६९०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 11 | 0 | 1000 | ३७,१६० | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder | 38 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Scaffolding Foreman | 5 | 0 | 2000 | ७४,३१५ | | | | | | | |
| 4 | Scaffolding Supervisor | 5 | 0 | 2500 | ९२,८९५ | | | | | | | |
| 5 | Skilled Labor | 20 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।
इटहरी-६ बी.टी.सी.सी. इन्टरनेशनल स्काफोल्डिङ सर्भिसेस प्रा.लि. मा मितिः २०८२ असार ३१ र ३२ गते (15/16th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

# प्रभाव दैनिक

रूपशाला

सोमबार, २३ असार, २०८२ (Monday, July 07, 2025)


## 'फर्स्टलुक भिडियो'मा चलचित्र एक्लो

चलचित्र 'एक्लो'को 'फर्स्टलुक भिडियो' सार्वजनिक गरिएको छ । युट्युबमार्फत सार्वजनिक भिडियोमा चलचित्रका सबै प्रमुख पात्रको लुक्सलाई देखाइएको छ । एक्लोले यसअघि कान्स फिल्म फेस्टिभलमा स्टलमार्फत आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति जनाइसकेको छ । प्रदीप शाहीद्वारा निर्देशित यस चलचित्रको पोस्ट-प्रोडक्सन कार्य लण्डनमा जारी रहेको र आगामी पुस महिनामा प्रदर्शन गर्ने तयारी गरिएको निर्माण पक्षले जनाएको छ ।




# दाहाल बाबुछोराले ल्याए 'वंशवृक्ष'



■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकार पुरुषोत्तम दाहाल र उनका छोरा इञ्जिनियर अनिमेष दाहालको संयुक्त कविता संग्रह 'वंशवृक्ष' लोकार्पण गरिएको छ । साहित्यिक पत्रकार संघद्वारा शनिबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) का पूर्वअध्यक्ष एवं साहित्यकार दाहाल र उनका छोराद्वारा लिखित कविता संग्रहको लोकार्पण गरिएको हो ।

मिलाप पब्लिकेसन प्रालिले प्रकाशन गरेको यस कविता संग्रहमा पहिलो खण्डमा बाबुका १७ र दोस्रो खण्डमा छोराका १३ कविता समेटिएका छन् । यी कविता गद्य र मुक्त छन्दमा लेखिएका छन् ।

पत्रकार दाहालले व्यस्तता समयका बीच केही समय बचत गरेर यी कविता सिर्जना गरिएका बताए । यस संग्रहको शीर्षकले बाबुछोरालाई साहित्य सिर्जनासँग जोडिएको प्रसंग उनले सुनाए । छोरा अनिभेषसँग अमेरिका बसाइँका क्रममा आफूले रचना गरेका कविताहरू यस संग्रहमा समेटिएको उनले जानकारी दिए । कविता र कथा कुनै निश्चित समयका लागिमात्र नलेखिने भन्दै दाहालले साहित्यलाई निरन्तरता दिने प्रतिबद्धतासमेत व्यक्त गरे ।

रचनाकार अनिमेषले प्रवासबाट साहित्य क्षेत्रमा कलम चलाउँदै आएका छन् । यस कविता संग्रहमा रचनाकारद्वयले राजनीतिक व्यंग्य, समाजको चित्रण र प्रकृति चिन्तन गरेको कार्यक्रममा उपस्थित समीक्षकहरूले बताएका छन् । साहित्यकार तथा पत्रकार विनोद दाहाल र खेमनाथ दाहाललगायतले कविता संग्रहबारे चर्चा गरेका थिए ।

## 'प्रभाका चम्किला ताराहरू' लोकार्पण

**काठमाडौं (प्रस)–** 'प्रभाका चम्किला ताराहरू' नामक जीवनी लोकार्पण गरिएको छ । प्रभा एलुम्नाई एसोसिएसनले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले उक्त पुस्तकको लोकार्पण गरेका हुन् ।

पुस्तकमा काभ्रेपलाञ्चोक जिल्लास्थित चौंरीदेउराली गाउँपालिका-६ कात्तिकेदेउरालीमा अवस्थित प्रभा माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी स्वदेशी तथा विदेशका विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गरेका आठ जनाको संघर्ष र सफलताका कथा समेटिएका छन् ।

प्रभा बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुखद्वय बलराम कोइराला र चुडाप्रसाद चौलागाईं, प्रभा माध्यमिक विद्यालयबाट पहिलोपटक प्रवेशिका परीक्षामा सहभागी भएका विद्यार्थी लोकनाथ गौतम र विजयराज गिरी, डा. सीता सुवेदी, डा. टंकप्रसाद गौतम, डा. दिलीपकुमार गौतम, डा. रवीन्द्रराज गिरी, डा. नारायणप्रसाद चौलागाईं, डा. संग्रामसिंह लामा, डा. खड्गमान श्रेष्ठ, डा. नवराज गौतम र डा. डेमादोर्जे लामालाई सम्मान गरिएको थियो ।

# 'यो मन त मेरो नेपाली हो' प्रदर्शन हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** असार महिनामा नेपाली चलचित्र निकै कम प्रदर्शन हुन्छन् । वर्षात्को मौसमको भएकाले पनि निर्माता तथा निर्देशकले यो महिनामा निकै कम चलचित्र प्रदर्शन गर्ने गरेका छन् । यसपटक पनि यही असार २७ गतेदेखि एउटा मात्र नेपाली चलचित्र 'यो मन त मेरो नेपाली हो' प्रदर्शन हुँदै छ ।

नेपाली भाषा, संस्कृति र पहिचानको जगेर्ना गर्ने उद्देश्यले निर्माण गरिएको उक्त चलचित्रले विश्वभर छरिएका नेपालीको कथा र भावनालाई चित्रण गर्ने लेखक तथा निर्देशक नर प्रधानले जानकारी दिए ।

उनले भने, 'हाम्रो भाषा र संस्कृति जोगाएनौं भने भावी पुस्ताले यो धरोहर गुमाउने छ । हाम्रा पूर्खाले जोगाएको सम्पदा भावी पुस्तालाई हस्तान्तरण गर्नु हाम्रो दायित्व हो । चलचित्रले नेपालीपन प्रति माया र एकताको सन्देश दिन्छ । यसलाई व्यावसायिकभन्दा पनि सांस्कृतिक उपहारको रूपमा लिन सकिन्छ ।'

करिब १७ वर्ष अगाडि नेपालबाट अमेरिका पुगेका निर्देशक प्रधानले त्यहाँको व्यस्त जीवनले नेपाली संस्कृतिसँगको सम्बन्धमा दूरी बढाएको अनुभव गरेपछि चलचित्र तयार गरेको बताए । उनका अनुसार चलचित्रले प्रवासमा रहेका नेपालीलाई कला र संस्कृतिबारे जानकारी दिन्छ । उक्त चलचित्रलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले विद्यालयस्तरका बालबालिकालाई देखाउन उपयुक्त ठानेको छ ।

'हाम्रो विषयवस्तुले मनोरञ्जनसँगै शिक्षा पनि दिन्छ । नेपाली भाषा र संस्कृति संरक्षणमा जोड दिइएका कारण चलचित्रलाई बालबालिकालाई देखाउन मिल्ने भनिएको हो । हामीले आफ्नो भाषा र सस्कृतिबारे बाल्यकालबाटै नयाँ पुस्तालाई जानकारी दिनु जरुरी छ,' निर्देशक प्रधानले भने ।

उक्त चलचित्रमा विजय बराल, रोशन श्रेष्ठ, विल्सनविक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियारलगायतले अभिनय गरेका छन् ।

## रंगशाला

# त्रिवि क्रिकेट मैदानमा कुर्सी जडान सुरु

**काठमाडौं (प्रस)–** कीर्तिपुरस्थित क्रिकेट मैदानको प्यारापिटमा सिट जडान कार्य सुरु भएको छ ।

रंगशालालाई अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न र रातिको समयमासमेत खेल सञ्चालन गराउन गत फागुनदेखि स्तरोन्नतिको काम सुरु भएको हो । पहिलो चरणमा १० हजार दर्शक अट्नेगरी प्यारापिट निर्माण र आठ वटा फ्लडलाइट जडान गरिँदै छ ।



निर्माणको जिम्मा पाएको बिजी कन्स्ट्रक्सनका इञ्जिनियर सुनिल शाहका अनुसार प्यारापिटमा पहेँलो, सेतो, खैरो, हरियो, नीलो र सुन्तला गरी पाँच रङका कुर्सी जडान हुने छन् । प्यारापिटलाई रंगशालाको पश्चिमतर्फ छ र पूर्वतर्फ दुईगरी आठ खण्डमा विभाजन गरिएको छ । प्रत्येक खण्डमा ६५२ कुर्सी राखिने छन् ।

## टाइब्रेकरमा अभागी नेपाल एसियन कपमा स्थान बनाउनबाट वञ्चित

**काठमाडौं, (प्रस)–** एएफसी महिला एसियन कप छनोटअन्तर्गत समूह 'एफ'को अन्तिम खेलमा नेपाल उज्बेकिस्तानसँग टाइब्रेकरमा पराजित भएको छ । उज्वेकिस्तानको राजधानी तास्केन्दस्थित बुन्योदकोर रंगशालामा शनिबार राति भएको खेलमा उज्वेकिस्तानसँग नेपाल टाइब्रेकरमा ४-२ गोलअन्तरले पराजित भएको हो ।

हारसँगै नेपाल एसियन कप खेल्नबाट वञ्चित भएको छ । निर्धारित ९० मिनेटको खेल तीन-तीन गोलको बराबरीमा सकिएपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको थियो । जसमा उज्वेकिस्तानका लागि एम सोयिमोभा, यु जोइरोभा, एम खिक्माटोभा र एम अमिनिजोनोभाले गोल गरे । यस्तै नेपालका लागि गीता राना र सविता रानामगरले मात्र गोल गरे । सावित्रा भण्डारी 'साम्बा'को प्रहार बारमा लागेर गोलपोस्टबाट बाहिरिएको थियो । त्यस्तै गोलकिपर अञ्जना रानामगरको प्रहार उज्वेकिस्तानी गोलकिपर एम जोनिमक्युलोभाले बचाइन् । जितसँगै उज्वेकिस्तानले पहिलोपटक छनोट चरण पार गरेर एसियन कपमा स्थान बनाएको छ ।

त्यसअघि खेलको पहिलो हाफमा नेपाल उज्वेकिस्तानसँग तीन-एक गोलले पछाडि परेको थियो । मध्यान्तरपछिको खेलमा नेपालले दुई गोल गर्दै खेललाई तीन-तीन गोलको बराबरी गऱ्यो । पहिलो हाफमा उज्वेकिस्तानका लागि खाबीबुलेएभा र मातफुना सोयीमोभाले एक-एक गोल गरे भने नेपालकी समीक्षा घिमिरेले एउटा आत्मघाती गोल गर्न पुगेकी थिइन् । यस्तै नेपालका लागि सावित्रा भण्डारी 'साम्बा'ले एक गोल गरिन् । खेलको दोस्रो मिनेटमा नै घरेलु टोली उज्वेकिस्तानले अग्रता बनायो । उसका लागि खाबीबुलेएभाले गोल गरिन् ।

यस्तै खेलको १२औं मिनेटमा नेपालका तर्फबाट आत्मघाती गोल हुन पुग्यो । उज्वेकिस्तानकी कप्तान लिउडमिला कराचिकको क्रस गोल लाइन नजिकै रहेकी नेपालकी समीक्षाको खुट्टामा लागेर गोलमा परिणत भयो । खेलको २४औं मिनेटमा नेपालका लागि कप्तान साम्बाले गोल गरिन् । खेलको ३७औं मिनेटमा सरस्वती हमालको हचाण्ड भएपछि उज्वेकिस्तानले पेनाल्टीको अवसर पायो । पेनाल्टीमा मातफुना सोयीमोभाले गोल गरिन् ।


### ओमनमा रोजगार

कम्पनी : AL MIRAL AL MUMAIYAZ TRADING

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326850 चलानी नं. ६०२४०७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

### MAURITIUS मा रोजगार

कम्पनी : K N E CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326833 चलानी नं. ६०२४०७४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator(Tailor) | 10 | 0 | 17500 | ५३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

### कतारमा रोजगार

कम्पनी : AMSUA TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/03/२२ LT. No. 326684 चलानी नं.६०२४०६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Supervisor | 0 | 1 | 2700 | १००,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/mason | 3 | 0 | 1000 | ३७,३५५ | | | | | | | |
| 3 | Business Executive Female | 0 | 1 | 2500 | ९३,३८९ | | | | | | | |
| 4 | Casher | 0 | 1 | 1500 | ५६,०३३ | | | | | | | |
| 5 | Cashier | 0 | 1 | 1500 | ५६,०३३ | | | | | | | |
| 6 | Electrician. | 3 | 0 | 1200 | ४४,८२६ | | | | | | | |
| 7 | Labour | 2 | 0 | 1000 | ३७,३५५ | | | | | | | |
| 8 | Plaster Worker (Mason) | 2 | 0 | 1200 | ४४,८२६ | | | | | | | |
| 9 | Plumber | 3 | 0 | 1200 | ४४,८२६ | | | | | | | |
| 10 | Representative/pro | 1 | 0 | 2500 | ९३,३८९ | | | | | | | |
| 11 | Supervisor | 1 | 0 | 2500 | ९३,३८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453, Mobile: 9801035459
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com
श्रम ईजाजत नं. १५२६/०७४/०७५

### युएइमा रोजगार

कम्पनी : LSPMK TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326811 चलानी नं. ६०२४०७५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 900 | ३३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Mason | 5 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 900 | ३३,४४५ | | | | | | | |
| 4 | Maintainance M | 25 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: 9845198993, E-mail : swifthrgroup@gmail.com
श्रम ईजाजत नं.६०१/०६५/०६६

### कुवेतमा रोजगार

कम्पनी : GB Restaurant Management Co.

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326819 चलानी नं. ६०२४०७७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 13 | 0 | 90 | ४०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com
श्रम ईजाजत न .७९७/०६५/०६६

### युएइमा रोजगार

कम्पनी : ZAHRAT AL MUSTAQBAL PLASTER & TILES CONT

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326861 चलानी नं. ६०२४०७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 5 | 0 | 1300 | ४८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३७,१६० | | | | | | | |
| 3 | Shuttering carpenters | 5 | 0 | 1300 | ४८,३०५ | | | | | | | |
| 4 | Steel Fixer(3 Yr Experience) | 5 | 0 | 1300 | ४८,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
Sultan Gulf Overseas Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

### साउदीमा रोजगार

कम्पनी : ARDH FURNITURE CO., LTD.

पूर्व स्वीकृति मिति : २०८२/03/०५ LT. No. 326697 चलानी नं. ६०२४०७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 3 | 0 | 1000 | ३६,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter Assistant/metals | 1 | 0 | 1200 | ४३,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104
श्रम ईजाजत नं. ११८२/०७३/७४

### युएइमा रोजगार

कम्पनी : ORIENT IRRIGATION SERVICES L.L.C - SHJ BR

पूर्व स्वीकृति मिति : २०८२/03/२२ LT. No. 326732 चलानी नं.६०२४०७८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener Labour | 48 | 0 | 1000 | ३७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196



स्पेनको पाम्प्लोनामा रहेको पाम्प्लोनाको प्रसिद्ध 'रनिङ-अफ-द-बल्स फेस्टिभल'मा नौ दिनसम्म चल्ने उत्सवको सुरुआती दिन आइतबार मुख्य चोकमा भेला भएका हजारौंको भीड बीचमा प्रस्तुति दिँदै नगरपालिकाको सांगीतिक ब्याण्ड । *तस्बिरः एपी*

# ट्रम्पसँग चिढिएका मस्कले घोषणा गरे नयाँ दल

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्वसहयोगी एलन मस्कले शनिबार देशको 'एकदलीय प्रणाली' भनेर वर्णन गरेको कुरालाई चुनौती दिन संयुक्त राज्य अमेरिकामा नयाँ राजनीतिक दल स्थापना गरेको बताएका छन् ।

संसारका सबैभन्दा धनी व्यक्ति तथा सन् २०२४ को चुनावमा ट्रम्पका सबैभन्दा ठूला राजनीतिक दाता मस्कसँग तथाकथित सरकारी दक्षता विभाग (डिओजिई) को प्रमुखका रूपमा खर्च कटौती र संघीय जागिरहरू घटाउने ट्रम्पको प्रयासको नेतृत्व गरेपछि राष्ट्रपतिसँग तीतो मतभेद भएको थियो । मस्कले राष्ट्रपतिको विशाल घरेलु खर्च योजनालाई लिएर ट्रम्पसँग झगडा गरेका छन् । यसले अमेरिकी ऋण विष्फोट गराउने भन्दै उनले यसका लागि मतदान गर्ने सांसदहरूलाई पराजित गर्न आफ्नो शक्तिमा सबै गर्ने वाचा गरेका छन् ।

अब उनले कथित् 'अमेरिका पार्टी' आफ्नै राजनीतिक ढाँचा सिर्जना गरेका छन् र यसमार्फत त्यो हासिल गर्ने प्रयास गर्ने छन् । 'हाम्रो देशलाई बर्बादी र भ्रष्टाचारले दिवालिया बनाउने कुरामा हामी एकदलीय प्रणालीमा बाँचिरहेका छौं, लोकतन्त्रमा होइन,' स्पेस एक्स र टेस्लाका मालिकले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म एक्समा पोस्ट गरे, 'आज, अमेरिका पार्टी तपाईंलाई तपाईंको स्वतन्त्रता फिर्ता दिन गठन गरिएको छ ।'



मस्कले शुक्रबार, अमेरिकी स्वतन्त्रता दिवसमा अपलोड गरिएको एउटा सर्वेक्षणलाई उद्धृत गरे । उक्त सर्वेक्षणमा उनले उत्तरदाताहरूलाई 'लगभग दुई शताब्दीदेखि अमेरिकी राजनीतिमा प्रभुत्व जमाएका दुई पार्टी (कोहीले एक पार्टी भन्छन्) प्रणालीबाट स्वतन्त्रता चाहन्छन् कि' भनेर सोधेका थिए । यस सर्वेक्षणले १२ लाखभन्दा बढी प्रतिक्रिया प्राप्त गरेको थियो ।

'दुईदेखि एकको अनुपातले, तपाईंहरू नयाँ राजनीतिक दल चाहनुहुन्छ र तपाईंहरूले त्यो पाउनुहुने छ !,' उनले शनिबार पोस्ट गरे । मस्कले दुई टाउको भएको सर्पको चित्र र 'एकदलीय प्रणालीको अन्त्य गर' भन्ने क्याप्सन भएको मिम पनि साझा गरे ।

### जोखिममा रहेका सांसदहरुमा "लेजर-फोकस"

नयाँ पार्टीले सन् २०२६ को मध्यावधि चुनाव वा त्यसको दुई वर्षपछि हुने राष्ट्रपतीय निर्वाचनमा कति प्रभाव पार्ने छ भन्ने स्पष्ट छैन । ट्रम्पले कंग्रेसका रिपब्लिकनहरूलाई आफ्नो ठूलो घरेलु एजेण्डा 'वन बिग ब्युटिफुल बिल' का रूपमा पारित गर्न दबाब दिएपछि ट्रम्प-मस्क विवाद गत महिनाको अन्त्यमा नाटकीयरूपमा पुनः सुरु भयो ।

मस्कले उक्त कानुनको कडा विरोध गरे र 'ऋण दासत्व' लाई समर्थन गरेकामा यसका रिपब्लिकन समर्थकहरूलाई निर्दयतापूर्वक आक्रमण गरे । उनले विधेयकको पक्षमा मतदान गर्न संघीय खर्च घटाउन अभियान चलाउने कानुन निर्माताहरूलाई चुनौती दिन नयाँ राजनीतिक पार्टी सुरु गर्ने प्रतिज्ञा गरे । विज्ञहरूले यसले अमेरिकी घाटामा एक दशकमा थप ३४ खर्ब डलर थप्ने बताएका छन् ।

'यदि यो पृथ्वीमा मैले गर्ने अन्तिम काम भयो भने पनि तिनीहरूले अर्को वर्ष आफ्नो प्राथमिक चुनाव हार्ने छन्,' मस्कले यस हप्ताको सुरुमा भनेका थिए । मस्कले मुख्य खर्च विधेयकको कडा आलोचना गरेपछि ट्रम्पले प्रविधि व्यापारीलाई निर्वासन गर्ने र उनका व्यापारहरूबाट संघीय कोष रोक्ने धम्की दिए । उक्त विधेयक अन्ततः कंग्रेसबाट पारित भएर कानुनमा हस्ताक्षर भयो ।

दक्षिण अफ्रिकामा जन्मिएका र सन् २००२ देखि अमेरिकी नागरिकता लिएका मस्कलाई निर्वासन गर्नेबारे विचार गर्ने हो कि भनेर सोधिएको प्रश्नमा राष्ट्रपतिले पत्रकारहरूलाई भने, 'हामीले हेर्नुपर्ने छ ।'

सर्वेक्षण पोस्ट गरेपछि शुक्रबार मस्कले जोखिममा रहेका सदन र सिनेटका सिटहरू छान्न र मुख्य कानुनहरूमा 'निर्णायक भोट' बन्न सम्भावित राजनीतिक युद्ध योजना प्रस्तुत गरे । 'यसलाई कार्यान्वयन गर्ने एक तरिका केवल दुई वा तीन सिनेट सिट र आठदेखि १० सदन जिल्लामा लेजर-फोकस गर्नु हो,' मस्कले एक्समा पोस्ट गरे ।

अमेरिकी सदनका सबै ४३५ सिट प्रत्येक दुई वर्षमा कब्जा गरिन्छ भने सिनेटका १०० सदस्यमध्ये छ वर्षको कार्यकाल पूरा गर्ने लगभग एकतिहाइ प्रत्येक दुई वर्षमा निर्वाचित हुन्छन् । केही पर्यवेक्षकहरू कसरी तेस्रो-पार्टी अभियानहरूले ऐतिहासिकरूपमा मत विभाजन गरेको छ भनेर औंल्याउन संकोच गरेनन् । व्यापारी रस पेरोटको स्वतन्त्र राष्ट्रपति उम्मेदवारीले सन् १९९२ मा जर्ज डब्लु बुसलाई पराजित गर्न मद्दत गरेको थियो । बुसको पुनः उम्मेदवारीका कारण डेमोक्रेट बिल क्लिण्टनको विजयी भए ।

'तपाईंले रस पेरोट तान्दै हुनुहुन्छ र मलाई यो मन पर्दैन,' एक एक्स प्रयोगकर्ताले मस्कलाई लेखे । *रासस/एएफपी*

इयू-चीन व्यापार द्वन्द्व

# चीनले घोषणा गर्‍यो प्रतिशोधात्मक प्रतिबन्ध

**बेइजिङ–** युरोपेली संघ (इयू) ले चिनियाँ कम्पनीहरूलाई प्रमुख चिकित्सा उपकरण खरिदमा प्रतिबन्ध लगाएपछि चीनले आइतबार जवाफी प्रतिबन्धको घोषणा गरेको छ ।

चीनको अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'चीनमा स्थापना भएका युरोपेली पुँजी भएका कम्पनीहरूबाहेक युरोपेली युनियनका कम्पनीहरूलाई चार करोड ५० लाख युआन (६३ लाख अमेरिकी डलर) भन्दा बढीको मागबाट बाहिर राखिने छ ।'



सम्बन्ध सुधारका लागि चीनका विदेशमन्त्री वाङ यीले गत साता युरोपेली संघको मुख्यालय ब्रसेल्सका साथै फ्रान्स र जर्मनीको भ्रमण गरेका थिए । यद्यपि, इयूको चीनसँग ३५७.१ अर्ब डलरको व्यापार घाटासहित आर्थिक सम्बन्धमा गहिरो द्वन्द्व कायमै छ । आइतबारदेखि लागू हुनेगरी चीनले लगाएको प्रतिबन्धमा कृत्रिम उपकरण, पार्टपुर्जादेखि मेडिकल मेसिनरी र सर्जिकल उपकरणसम्मका उत्पादन समावेश गरिएको छ ।

चिनियाँ अर्थ मन्त्रालयले गैरयुरोपेली कम्पनीहरूको सवालमा इयूका उत्पादनहरूको अनुपात ५० प्रतिशतभन्दा बढी हुन नसक्ने बताएको छ । इयूले चीनविरूद्ध दोहोरो मापदण्ड अपनाएको र चिनियाँ कम्पनीहरूलाई ५० लाख युरो (५८ लाख डलर) भन्दा बढीको सरकारी मेडिकल उपकरणहरू खरिदमा प्रतिबन्ध लगाएको बेइजिङले आरोप लगाएको र बदलामा इयूले बेइजिङका तर्फबाट आक्रोशपूर्ण प्रतिक्रियाको सामना गर्नुपरेको हो ।

युरोपेली संघले उक्त प्रतिबन्ध 'चीनले लामो समयदेखि इयूमा निर्मित मेडिकल उपकरणलाई चिनियाँ सरकारी सम्झौताबाट बहिस्कृत गरेको' प्रतिक्रिया भएको बताएको थियो । ब्रसेल्सका अनुसार चीनमा निर्यात हुने चिकित्सा उपकरणहरूका लागि सार्वजनिक खरिद सम्झौताको झण्डै ९० प्रतिशत इयूका फर्महरू 'बहिस्करण र भेदभावपूर्ण मापदण्डको दायरामा' थिए ।

चीनको वाणिज्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'चीनले पटक-पटक द्विपक्षीय संवादका माध्यमबाट सार्वजनिक खरिदका क्षेत्रमा परामर्श, संवाद र द्विपक्षीय व्यवस्थाका माध्यमबाट यी विवादहरूको उचित समाधान गर्न आफ्नो इच्छा व्यक्त गर्दै आएको छ ।' विगत तीन वर्षमा ब्रसेल्स र बेइजिङ इलेक्ट्रिक कार, रेल उद्योग, सौर्य प्यानल र हावाबाट चल्ने टर्बाइनसहितका धेरै आर्थिक कारोबारहरूमा द्वन्द्व देखिएको थियो । *रासस/एएफपी*

# टेक्सासमा बाढीका कारण मृत्यु हुनेको संख्या ५० पुग्यो

## हराइरहेका २७ जना बालिकाको खोजी जारी

**हण्ट, संयुक्त राज्य अमेरिका–** अमेरिकाको टेक्सास राज्यमा मुसलधारे वर्षाका कारण आएको विनासकारी बाढीका कारण मृत्यु हुनेको संख्या आइतबारसम्म ५० पुगेको छ । उद्धारकर्मीले हराइरहेका २७ जना बालिकाको खोजी जारी गरिरहेका छन् ।

मध्य टेक्सासमा समुदायहरूमा पानी बढेपछि धेरै आकस्मिक बाढीको चेतावनी जारी गरिएको छ, ग्वाडालुप नदी बाढीका कारणमात्र ४५ मिनेटमा २६ फिट (आठ मिटर) ले बढेको थियो । केर काउण्टीको ग्रीष्मकालीन शिविरमा सयौं मानिस बसिरहेका समय आएको बाढीका कारण ठूलो संख्यामा मानवीय हताहत भएको हो । बाढीप्रभावित क्षेत्रका शेरिफ ल्यारी लेइथाले भने, 'हामीले केर काउण्टीमा ४३ जना मृतकलाई उद्धार गरेका छौं । तीमध्ये २८ जना वयस्क र १५ जना बालबालिका छन् ।'





अन्य काउण्टीहरूमा पनि बाढीको असर परेको र धेरै पीडितहरू फेला परेका छन् । बाढीका कारण आइतबारसम्म मृत्यु हुनेको संख्या ५० पुगेको छ ।

टेक्सास डिपार्टमेण्ट अफ इमर्जेन्सी म्यानेजमेण्टका प्रमुख निम किडले वायु, स्थल र जल सेनाले ग्वाडालुप नदीको किनारमा बेपत्ताहरूको खोजी कार्य जारी राखेका छन् । उनले भने, 'बेपत्ता भएका सबै नभेटिँदासम्म उनीहरूको खोजी जारी रहने छ ।'

टेक्सासका गभर्नर ग्रेग एबोटले आफूले राज्यको विपद् घोषणालाई विस्तार गरिरहेको र राष्ट्रपति डोनाल्ड ट्रम्पसँग थप संघीय स्रोतको अनुरोध गरिरहेको बताएका छन् । उपराष्ट्रपति जेडी भान्सले शनिबार उक्त विपत्तिलाई 'नबुझिने खालको त्रासदी' को संज्ञा दिएका छन् ।

### ठूलो मानवीय क्षति

टेक्सास राज्यको सार्वजनिक सुरक्षा विभागका निर्देशक फ्रिम्यान मार्टिनले लगातारको भारी वर्षाका कारण उद्धारकर्ताका लागि अवस्था चुनौतीपूर्ण बनेको बताए । मार्टिनले यस विपत्तिलाई 'सामूहिक हताहतको घटना' भनेका छन् ।

राज्य र स्थानीय अधिकारीहरूले नदीको किनारमा अवस्थित याम्प मैदानहरूसहित दर्जनौं सडक क्षेत्रमा यात्रा गर्ने बासिन्दाहरूलाई चेतावनी दिएका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोमा १२ फिटसम्मको भारी वर्षाका कारण आएको बाढीले घर र रूखहरू बगाएको देखाइएको छ जुन केर काउण्टीको औसत वार्षिक वर्षाको एकतिहाइ हो । *रासस/एएफपी*

# भन्सार शुल्कमा ट्रम्पसँग 'सजिलै सम्झौता' नगर्ने जापानी प्रधानमन्त्रीको अडान

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आइतबार टोकियोले राष्ट्रपति डोनाल्ड ट्रम्पको जापानी सामानहरूमा ३५ प्रतिशतसम्म भन्सार शुल्क लगाउने धम्कीलाई टार्न खोजिरहेको भन्दै वासिङ्टनसँग वार्तामा 'सजिलै सम्झौता' नगर्ने बताएका छन् ।

'हामी सजिलै सम्झौता गर्ने छैनौं । त्यसैले समय लागिरहेको छ र त्यसैले यो कठिन छ,' इशिबाले एक टेलिभिजन टक शोमा भने । व्यापार सम्झौताका लागि बुधबारको समयसीमा अघि जापानले ट्रम्प प्रशासनसँग वार्ता गर्न हतार गर्दा उनको यस्तो टिप्पणी आएको हो ।



ट्रम्पले अप्रिलमा धेरैजसो व्यापारिक साझेदारहरूबाट आयातमा व्यापक १० प्रतिशत भन्सार शुल्क लगाए पनि उनले जापानलगायत दर्जनौं अर्थतन्त्रहरूमा उच्च दरहरू घोषणा गरे र वार्ताका लागि ठाउँ दिन त्यसपछि रोके । यो रोकावट जुलाई ९ मा समाप्त हुने छ । यसको अर्थ यदि देशहरूले तिनीहरूलाई टार्न वासिङ्टनसँग सम्झौता गर्न असफल भएमा उच्च दरहरू लागू हुने छन् ।

ट्रम्पले जापानलाई '३० प्रतिशत, ३५ प्रतिशत वा हामीले निर्धारण गरेको संख्या तिर्न' भन्दै पत्र लेख्न जाँदै गरेको र द्विपक्षीय व्यापार सम्बन्धलाई 'अनुचित' भनेका छन् । उनले विशेषगरी जापानलाई थप अमेरिकी अटोमोबाइल र चामल स्वीकार गर्न दबाब दिएका छन् । टोकियोका व्यापार दूत रियोसेइ अकाजावाले बिहीबार र शनिबार अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकसँग टेलिफोनमा कुरा गरेका थिए ।

सण्डे टेलिभिजन कार्यक्रममा इशिबाले अमेरिकी अर्थतन्त्रमा सबैभन्दा ठूलो लगानीकर्ता राष्ट्रका रूपमा जापानलाई अन्य देशभन्दा फरक व्यवहार गर्नुपर्ने कुरा दोहोर्‍याए । 'के अन्याय हो ? यो कसरी अनुचित छ ? हामीले अमेरिकी दाबीहरूमध्ये प्रत्येकको जाँच गर्न आवश्यक छ,' उनले भने, 'हामी सहयोगी हौं, तर हामीले भन्नैपर्ने कुरा भन्नुपर्छ । हामी विश्वको सबैभन्दा ठूलो लगानीकर्ता राष्ट्र र सबैभन्दा ठूलो रोजगारी सिर्जनाकर्ता (अमेरिकामा) हौं । हामी फरक छौं ।'

अर्को सण्डे टेलिभिजन कार्यक्रममा इशिबाले ट्रम्पको पत्रलाई कसरी सामना गर्ने योजना छ ? भनेर सोध्दा जापानले 'सबै प्रकारका परिस्थितिहरूको सामना गर्न तयारी गरिरहेको' बताए । *रासस/एएफपी*


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ७३ असार २१ गते २०८२ मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को **Expertise Closed Joint Stock Company** कम्पनीको Lot No. 321012 विज्ञापनमा पूर्व स्विकृति मितिः २०८१/१२/११ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**युएइमा रोजगार**

कम्पनी : KRK INTERNATIONAL FACILITIES MANAGEMENT LLC — शेवा शुल्कः निःशुल्क
पूर्व स्वीकृति मिति : २०८२/03/२२ | LT. No. 326867 | चलानी नं. ६०२४०७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 900 | ३३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MMK KINGS TECHNICAL WORK LLC — शेवा शुल्कः १०,000
पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२२ | LT. No. 310812 | चलानी नं. ६०२२५३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 3 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 5 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Email: info@manpoweragencynepal.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |



**बल्ल पुनर्निर्माण...** | 'गोरखा भूकम्प'ले क्षति पुऱ्याएको नुवाकोटको सातलले दरबार पुनर्निर्माणका लागि छानाबाट भत्काइँदै ।

*तस्बिर: रामहरि न्यौपाने/रासस*

# मौद्रिक नीतिमा प्राथमिकताप्राप्त क्षेत्रको प्रवर्द्धनलाई जोड दिइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले वित्त नीतिले निर्देशित गरेका कार्यक्रमलाई सघाउनेगरी मौद्रिक नीति तयार हुने बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)द्वारा आइतबार राजधानीमा आयोजित 'प्रि मनिटरी' छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले वित्त नीति र मौद्रिक नीतिबीच उचित समन्वय गरिने बताएका हुन् ।

कृषि, ऊर्जा र उद्योगजस्ता प्राथमिकताप्राप्त क्षेत्रको प्रवर्द्धन हुनेगरी मौद्रिक नीति तर्जुमा हुने उनले जानकारी दिए । प्राथमिकताप्राप्त क्षेत्रमै निस्क्रिय कर्जाको बढी समस्या रहेको स्वीकार गर्दै उनले मौद्रिक नीतिमार्फत उचित सम्बोधन हुने बताए । 'डेढ सय वर्षअघि संस्थाको ब्यालेन्स सिट हेरेर ऋण तिरेको छ छैन हेर्ने गरिन्थ्यो । तर अहिले कृषि र उद्योग क्षेत्रमा कर्जा बढी जाओस् भन्ने चाहे पनि सोही क्षेत्रमा बढी 'एनपिएल' देखियो,' गभर्नर पौडेलले भने, 'साना व्यवसायीलाई पनि प्रवर्द्धन गर्नुपर्ने छ । यसैले सबै क्षेत्रलाई नछोडि अगाडि बढाउँछौं ।'

कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले खराब कर्जाको आकार बढिरहँदा घरजग्गा धितो लिलामी बिक्रीसमेत नभएको अवस्थाले गर्दा बैंकहरूले सम्पत्ति व्यवस्थापन कम्पनीको माग गरेको बताए । अन्तर्राष्ट्रियरूपमा पनि यस्तो अभ्यास भएकोले नेपालमा पनि यस्तो कम्पनी हुँदा समस्या निराकरण हुने उनको धारणा थियो। प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा सीमा तोकेर पुऱ्याउनुपर्छ भनिरहँदा त्यस क्षेत्रको एनपिएल बढेकोबारे पनि पूनर्विचार आवश्यक रहेको उनको भनाइ थियो ।

बैंकहरूमा धितोको नभई नगद समस्या भएको अध्यक्ष कोइरालाले भएको बताए । 'समस्या धितोको होइन नगदमा छ । सामान बिक्री भएका छैनन् । पैसा नउठ्दा ऋण तिर्न सकेको छैन । खास समस्या यहाँ भएकाले यसबारे सम्बोधन होस्,' उनले भने । चालु पुँजी कर्जासम्बन्धी मापदण्डले स्व-अनुशासनमा ल्याउन सहयोग पुगेको उनको धारणा थियो । संघबाहेक प्रदेश र स्थानीय तहले पनि फरक नीतिगत व्यवस्था गर्दा अप्ठ्यारो भइरहेको उनले बताए ।

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिविफिन)का अध्यक्ष उपेन्द्रप्रसाद पौड्यालले केन्द्रीय बैंकले निर्देशित गरेको कर्जा प्रतिशत पुऱ्याउने चक्करमा बैंकहरू आक्रामक भएको बताए । 'आक्रामक कर्जा गयो तर उठाउन नसकेर एनपिए बढ्दै गएकोमा विश्लेषण जरुरी छ,' उनले भने । साना तथा मझौला उद्यमीहरूको व्यवसाय व्यवस्थापन नै प्रमुख चुनौती बनेको अवस्थामा उनीहरूको क्षमता मापन अर्को चुनौती बनेको उनको भनाइ थियो । 'यसैले ऋणीलाई कर्जा तिर्ने क्षमता कसरी बढाउने भन्नेमा ध्यान दिनुपर्छ । निर्देशित कर्जा नीतिहरूको प्रभाव हेर्न छुट्टै काम गरौं,' उनले भने ।

# 'टेक एण्ड पे'मा पुनर्विचार गर्न सांसदको सुझाव

■ प्रभाव संवाददाता



**काठमाडौं–** सांसदहरूले 'टेक एण्ड पे' प्रावधान विचार गरेरमात्रै लागू गर्न सुझाव दिएका छन् । प्रतिनिधिसभाअन्तर्गत पूर्वाधार विकास समितिको आइतबारको बैठकमा सांसदहरूले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा ल्याएको विद्युत् खरिदमा 'टेक एण्ड पे' प्रावधानले निजी क्षेत्रको मनोबल घट्न सक्ने भन्दै उक्त प्रावधान लागू गर्नुअघि पुनर्विचार गर्नुपर्ने सुझाव दिएका हुन् ।

पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीसमेत रहेका सांसद शक्तिबहादुर बस्नेतले 'टेक एण्ड पे' को नीति समाधानमुखी हुनुपर्नेमा जोड दिए । 'सरकारले ल्याएको 'टेक एण्ड पे' को नीतिले निजी क्षेत्रलाई निरुत्साहित भएन, उनीहरूको लगानीविना विद्युत् उत्पादन बढाउने लक्ष्य पूरा गर्न सम्भव छैन । त्यसर्थ, यस विषयमा आवश्यक अध्ययन गरेर थप विचार गर्नुपर्छ,' उनले भने ।

सांसद महेश बस्नेतले पनि 'टेक एण्ड पे' कि 'टेक अर पे' नीतिबारे स्पष्ट भएर यसको असर के हुन सक्छ भन्ने विषयमा थप अध्ययन गर्न आवश्यक रहेकोमा जोड दिए । सांसद निशा डाँगीले पनि 'टेक एण्ड पे' को प्रावधान ल्याउने निर्णय गर्न किन आवश्यक परेको हो ? यस विषयमा स्पष्ट हुनुपर्ने बताइन् । उक्त प्रावधानको विरोध भइरहेको सन्दर्भमा आगामी दिनमा यी प्रावधान लागू गर्न उचित हुने कि नहुने ? भन्ने विषयमा आवश्यक अनुसन्धान गर्नुपर्ने उनको जोड रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले 'टेक एण्ड पे' को नीतिले कुनै पनि हालतमा निजी क्षेत्रलाई निरुत्साहित नबनाउने दाबी गरे । 'उक्त प्रावधानले निजी क्षेत्रलाई निरुत्साहित बनाउन खोजेको होइन । यसको गलत किसिमले व्याख्या भइरहेको छ,' उनले भने, 'लगानीकर्ताले उत्पादन गरेको विद्युत्को बजार त छ तर ट्रान्समिसन लाइन नहुँदा समस्या आएको छ । सबै ठाउँमा ट्रान्समिसन लाइन जडान गर्न सरकारको लगानीले मात्रै पुग्दैन । त्यसर्थ, निजी लगानी पनि आवश्यक पर्ने भएकाले निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने छौं ।'

समितिको बैठकमा सुनकोशी-मरिन डाइभर्सन आयोजना ढिलाइ हुनुको कारणसमेत मन्त्री खड्कालाई सोधिएको थियो । मन्त्री खड्काले ठेकेदारको लापरबाहीको कारण आयोजनाको काममा ढिलाइ भएको दाबी गरे । 'ठेकेदारसँग हामीले कुरा पनि गरेका छौं । फिल्डमै पुगेर अनुगमनसमेत गरेका थियौं । निर्माण व्यवसायीबाट मनसुनजन्य विपद्का कारण ढिलाइ भएको र समय थप गर्नुपर्ने माग भएको छ । अझै दुई वर्ष समय बाँकी रहेकाले ठेक्का रद्द गर्न पनि गाह्रो छ । जसरी भए पनि आयोजनाको काम समयमा नै सक्नका लागि ठेकेदारलाई निर्देशन दिइरहेका छौं,' उनले भने ।

समितिका सभापति दीपक सिंहले सुनकोशी-मरिन डाइभर्सन आयोजनाजस्तो राष्ट्रिय गौरवको आयोजनामा निमित्त प्रमुखबाट काम गराउन नहुने भन्दै तुरुन्तै प्रमुख नियुक्त गर्न मन्त्रालयलाई सुझाव दिए ।

# 'कृषि क्षेत्रमा विशिष्टीकृत वित्तीय संस्था आवश्यक'



**काठमाडौं (प्रस)–** सरकारका आर्थिक विकास सल्लाहकार एवं पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले कृषि क्षेत्रको विकास र रूपान्तरणका लागि विशिष्टीकृत वित्तीय संस्था आवश्यक रहेको बताएका छन् ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २४औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले कृषि क्षेत्रको विकास र विस्तारका लागि विशेष कार्य गर्नेगरी विशिष्टीकृत वित्तीय संस्थाको आवश्यकता देखिएको बताएका हुन् ।

उनले साना किसानहरूलाई कृषि, पशुपालन र आयआर्जनका कार्यमा संलग्न गराउन साना किसान विकास लघुवित्त वित्तीय संस्थाले खेलेको भूमिका महत्त्वपूर्ण रहेको स्मरण गर्दै लघुवित्तहरू सदस्यहरूलाई उत्पादनमा जोड्नेगरी आफ्ना कार्यक्रम अगाडि बढाउन नसके लामो समयसम्म चल्न नसक्ने धारणा राखे ।

ऋण दिने मात्र नभई सदस्यहरूलाई लगानी गरेको ऋणले आम्दानी दिनेगरी सदस्यहरूलाई तयार गर्न सक्नुपर्नेमा डा. खतिवडाले जोड दिए । यस कार्यमा साना किसानले नमूनाका रूपमा कार्य गरेकोप्रति उनले खुसी व्यक्त गरे ।

संस्थाका अध्यक्ष खेमबहादुर पाठकले संस्थागत सुशासन बढाउन नसक्दा सहकारीमा केही समस्या आएको बताए । उनले देशव्यापी अभियान चलाइरहेको जानकारी दिँदै यस क्रममा संस्थाका सञ्चालक र कर्मचारीहरूले आफ्नो जिम्मेवारीभन्दा फरक काम गरेका कारण संस्थाहरूमा समस्या सुरु भएको तर्क गरे । सहकारीले समुदायको हरेक क्षेत्रमा सकारात्मक प्रभाव पार्न सक्ने उनको भनाइ छ ।

यस लघुवित्त संस्थाले ७७ जिल्लाका एक हजार ७१० साझेदार संस्थामार्फत २२ लाख परिवारका ८८ लाख सदस्यमा थोक कर्जा विस्तार, क्षमता विकास, प्रविधि हस्तान्तरण युवा उद्यमीका लागि काम गर्दै आएको संस्थाका अध्यक्ष पाठकले जानकारी दिए । संस्थाले पिछडिएका डोम, चमार, मुसहर, हरिजन, धोवी, धवाल, चिडिमार, पत्थरकट, पासवान, चेपाङ, बनकरिया, राउटेलगायत जातिलाई संस्थामा आबद्ध गराएको उनले बताए ।

# माछापुच्छ्रे क्यापिटल र अप्पर स्याङ्गेबीच सम्झौता



**काठमाडौं (प्रस)–** माछापुच्छ्रे क्यापिटल र अप्पर स्याङ्गे हाइड्रोपावरबीच सेयर रजिस्ट्रारसम्बन्धी सेवा प्रदान गर्नेसम्बन्धमा सम्झौता भएको छ । सम्झौताअनुसार हाइड्रोपावर लिमिटेडको धितोपत्र कारोबारसम्बन्धी अभिलेख राख्ने, दाखिल खारेज, नामसारी, रोक्का राख्ने, सेयरवालाहरूको लगत अद्यावधिक गर्नेजस्ता सम्पूर्ण सेयर रजिस्ट्रारसम्बन्धी सेवा क्यापिटलले प्रदान गर्ने छ ।

सम्झौतामा मछापुच्छ्रे क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र अप्पर स्याङ्गेका प्रबन्ध निर्देशक वीरबहादुर घले हस्ताक्षर गरे । माछापुच्छ्रे क्यापिटल लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेडको सहायक कम्पनी हो ।


जलवायु परिवर्तनको असरबाट जोगिऔं

जलवायु परिवर्तनका असर:
- हिउँ पग्लने र हिमाल नांगा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
- तापक्रममा वृद्धि हुने,

जलवायु परिवर्तनबाट बच्न:
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रूख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारीसाधनको प्रयोग नगरौं,
- जलवायु शिक्षामा जोड दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



बक्यौता चुक्ता गर्ने बारे
अत्यन्त जरुरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति २०८२ असार २५ गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१९१५४००
Email: marketing2prabhab@gmail.com


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ